# एक पटक घुम्नै पर्ने ठाउँ चित्लाङ



■ फिरोज राजोपाध्याय

लिच्छिबी काल, मल्ल काल र राणाकालपछि २०१२ सालसम्म निकै भीडभाड रहने यो ठाउँ बीचमा सुनसानसँगैं फेरि चहलपहल बढ्न थालेको छ। त्यो ऐतिहासिक ठाउँ हो, चित्लाङ। जुन मकवानपुर जिल्लामा पर्दछ। काठमाडौंबाट चित्लाङ पुग्न करिब २७.७ किमी पार गर्नु पर्दछ। यदि, जाममा नपरेमा गाडीबाट छिटै पुग्न पनि सकिन्छ।

साविकको चित्लाङ गाउँ हाल थाहा नगरपालिका ९ र १० मा रहेको छ। त्रिभुवन राजमार्ग सञ्चालनमा आएपछि चित्लाङ सुनसान बनेको थियो। यसले गर्दा लामो समयसम्म एकान्तवासमा बसेको बस्ती जस्तो हुन पुग्यो। चित्लाङ काठमाडौं उपत्यका आउने प्रवेशद्वार थियो। जब, त्रिभुवन राजमार्ग बन्यो त्यसपछि मात्रै काठमाडौं उपत्यका प्रवेश गर्न अर्को बाटो चलनचल्तीमा आएको थियो। यसले गर्दा चित्लाङ सुनसान बन्न पुगेको थियो। अहिले भने चित्लाङ पहिले जस्तै रमझम भएको स्थानीयहरू बताउँछन्।

चित्लाङको पुरानो नाम चित्रापुर थियो। यस्तै, यसलाई चैत्यलोङ पनि भन्ने गरिन्थ्यो। पछि अपभ्रंस भएर यसको नाम चित्लाङ हुन गएको पनि भनिन्छ। चित्लाङ अर्थ यसरी प्रष्टयाएको छ कि चित भनेको चेतना र लाङ भनेको सुन्दर ठाउँ वा बगैंचा।

चित्लाङको उत्तरतर्फ चन्द्रागिरि डाँडा रहेको छ। अहिले यहाँ केवलकार राखिएपछि चन्द्रागिरि जानेको घुँइचो पनि पछिल्लो समयदेखि बढ्दै आएको छ। पछिल्लो समयमा कतिपय विद्यालयहरूले पनि आफ्ना विद्यार्थीहरूलाई चित्लाङ लाने गरेको पाइएको छ।

नेपालका धेरै शासन र शासकहरूको साक्षी भएकोले चित्लाङ लिच्छिवीदेखिको प्रमाण मानिन्छ। इतिहासकारका अनुसार तराई जान चित्लाङ बाटो भएर जानुपर्दछ। मल्लकालिन राजाहरू र राणा प्रधानमन्त्रीहरू र सर्वसाधारणहरू चित्लाङकै बाटो भएर काठमाडौं र तराई ओहोरदोहोर गर्दथे। रात परेमा चित्लाङमै पनि बास बस्ने गर्दथे।


इतिहासकारको भनाईअनुसार प्रधानमन्त्री चन्द्र शमशेरले शिकार खेल्न जाँदा निर्माण गराएका पाहुना घर र दरबारहरू पनि चित्लाङमा देख्न सकिन्छ। तर, यी भग्नावेशको अवस्थामा रहेका छन्। यस्तै सम्राट अशोकले चित्लाङमा चैत्य पनि निर्माण गराएका थिए। यो पनि अहिले संरक्षणको पर्खाइमा रहेको पाइएको छ।

चित्लाङमा भीमसेन मन्दिर, अशोक चैत्य, ढुंगेधारा जस्ता सम्पदा र संस्कृतिका साथै अहिले रिसोर्ट र होटलहरू पनि खोलिने क्रम बढ्दो छ। यसले गर्दा पर्यटकहरूको भीड पनि हुने गरेको छ। पर्यटक, धार्मिक र संस्केतिको दृष्टिले अहिले चित्लाङ एकचोटि घुम्नै पर्ने ठाउँ बनिसकेको छ।

यति मात्रै होइन, पर्यटकहरूका लागि हाइकिङ गर्ने ठाउँको रुपमा समेत चित्लाङ लोकप्रिय भइरहेको छ। यस्तै, जंगल सफारी, पुरानो गाउँघरको झलक, रहनसहन अवलोकन गर्न पनि चित्लाङमा पर्यटक आइरहेको त्यहाँका स्थानीयले बताएका छन्।

अहिले त्यहाँ रहेको इन्द्र सरोबर ताल (कुलेखानी ड्याम) मा डुंगा सयर पनि गर्न पाइन्छ। भनिन्छ यो नेपालको सबैभन्दा ठूलो मानव निर्मित ताल हो। यस तालमा डुंगा चलाउन दिँदा देशी तथा विदेशी पर्यटकहरू आकर्षित भएका छन्। त्यसो त ताल देख्नमै मनमोहक छ।






भागेश्वर गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**
प्रकाशित मितिः २०८२/०९/०३

यस कार्यालयबाट तपशिलमा उल्लेखित निमार्ण कार्यका लागि मिति २०८२.०७.२१ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनसार तोकिएको समय भित्र पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. No. | Contract Identification No. | Description Of Works | Bidder Name and Address | Bid Price (Excluding VAT & PS ) (Nrs) |
|---|---|---|---|---|
| 1 | BRM/DAD/NCB / Works/2082-083/03 | Gargchhetra Purbadhar Bikash Yojana, Bhageshwor RM 1 | Bhupendra Nirman Sewa Pvt. Ltd,, Dadeldhura | 36,24,993.70 |

प्रमूख प्रशासकिय अधिकृत



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनीको रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७५-०८-२६ मा दर्ता भएको प्रा.लि.नं. २०४३४७ को **दिपमाला यातायात प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
**Project Office of Urban Development and Building Construction, Doti**
**Re-Invitation for Bids (IFB)**
**Date of Publication: 2082/09/03 (18th December 2025)**

Project Office of Urban Development and Building Construction, Doti invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp.

| S.N. | Contract ID | Description of Works | Bid Security Amount | Bid Fee |
|---|---|---|---|---|
| 1 | PUDBC/DOTI/ WORKS/ NCB/05-82/083 | Upgradation of Road Martadi to Fulchadauna, Badimalika Municipality Bajura | 7,00,000 | 5,000 |



**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, पुतलीसडक शाखाको ७ दिने सार्वजनिक सूचना ।।**

(प्रकाशित मिति : २०८२/०९/०३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल मंसिर महिना ०६ गतेको "नागरिक" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल बैशाख महिना १९ गतेको "राजधानी" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना तथा **मिति २०८२ साल आषाढ महिना १३ गतेको "आर्थिक दैनिक" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुदाँ धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| क्र.सं. | ऋणीको नाम र ठेगाना : |
|---|---|
| १. | नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २५४७०३/०७७/०७८ कायम भई मिति २०७७/१०/२० मा दर्ता भएको काठमाण्डौ जिल्ला, दक्षिणकाली न.पा. वडा नं. ०२ गल्दा, पावर हाउस स्थित **एस.आर. कृषि फर्म प्रा.लि.** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | चाउरे कामीको नाति, मिठे कामीको छोरा, काभ्रेपलान्चोक जिल्ला, रविओपी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, दक्षिणकाली न.पा. वडा नं. २ बस्ने **रामहरी कालिराज** । |
| २. | राम बहादुर सुनुवारको छोरी, रामहरी कालिराजको श्रीमती, काभ्रे जिल्ला, रविओपी गा.वि.स./उ.म.न.पा. वडा नं. २ बस्ने **सृजना कामी** । |
| **धितो सुरक्षणको विवरण :** | |
| १. | **रामहरी कालिराज**को नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेस्ता कायम रहेको नुवाकोट जिल्ला, ओखरपौवा गा.वि.स./न.पा. वडा नं. ४ स्थित नक्सा सिट नं. ४ को कित्ता नं. १५५९ को ३-१२-०-२ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय पुतलीसडकमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८२ साल पुष महिना ०९ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल पुष महिना १३ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल
**बोलपत्र स्वीकृत हुने आशयको सूचना**
प्रकाशित मिति : २०८२।०९।०३

दमक नगरपालिकाबाट प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरुका सम्बन्धमा दमक नगरपालिकाको निर्णयानुसार देहायको बोलपत्र न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम भ्याट सहित रु | कैफियत |
|---|---|---|---|---|---|
| 1 | DMO/JHAPA/ MISC/03/082-83 | Construction of Singhadevi Badminton Covered Hall, Locking Tiles on Setumari Bazar and Gravelling on Various Roads, Damak 10 ,Jhapa | Pratyagra Builders, Tehrathum | 1521854.76 | |




राष्ट्रिय खेलकुद परिषद्
त्रिपुरेश्वर, काठमाडौ
**नमुना पेश गर्ने सम्बन्धी सूचना**
(प्रकाशित मिति : २०८२।०९।०३ गते)

यस राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वर कार्यालयद्धारा कर्णाली प्रदेशमा आयोजना हुने १० औं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागि हुने खेलाडी, प्रशिक्षक, निर्णायक, अफिसियल लगायतका सहभागिहरुका लागि किट्स सेट आवश्यक रहेकोले उक्त किट्स सेट टेण्डर प्रक्रियाबाट खरिद गर्न नमुना छनौट गर्नुपर्ने भएको हुदा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर/आयकर दर्ता प्रमाणपत्र आ.ब. ०८०।०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी तपसील बमोजिमका किट्स सेटको प्रति इकाइ भ्याट सहित रु. १० हजार नबढ्नेगरी स्पेशिफिकेशन सहित नमुना राष्ट्रिय खेलकुद परिषदमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Description of Goods | Particular | Requirement |
|---|---|---|---|
| 1 | Kits bag Set - | Polo T-shirt | 1. Polo T-shirt :- -1 Pcs |
| | | Shoes | 2. Shoes :- 1 Set |
| | | Track Suit | 3. Track Suit :- 1Set |
| | | Shocks | 4. Shocks :- 1 Set |
| | | Cotton Towel | 5. Cotton Towel :- 1 Pcs |
| | | Sports Bag | 6. Sports Bag :- large Size -1 Pcs |
| | | logo | 7. logo :- logo of 10th national Sports Game in front at the left side and Name of Participate Team as per sample |
| | | Design | 8. Design: - as per Instruction by National Sports Council. |


## पाकिस्तानमा संस्कृत भाषा पढाइने




एजेन्सी

पाकिस्तानमा पहिलो पटक संस्कृत पढाइने भएको छ। पाकिस्तानको लाहोर विश्वविद्यालय व्यवस्थापन विज्ञानले सन् १९४७ मा देश विभाजनपछि पहिलो पटक संस्कृत भाषा पढाइने शुरु गरेको हो। जसमा, विद्यार्थीहरूले महाभारत र भगवत गीता पनि पढ्नेछन्। सन् २०२७ सम्ममा पूर्ण पाठ्यक्रम शुरु हुने अपेक्षा पनि गरिएको छ। लाहोरको समाचारअनुसार प्रोफेसर शाहिद रशीद जस्ता विद्वानहरूले अनलाइनमाध्यमबाट संस्कृत सिकेर यो पहलको नेतृत्व गरिरहेका छन्। लाहोर विश्वविद्यालयले २०२७ सम्ममा एक वर्षको पूर्ण संस्कृत पाठ्यक्रम शुरु गर्ने योजना बनाएको छ। यस्तै, पन्जाब विश्वविद्यालयमा रहेका पाण्डुलिपिहरू पनि खोजी गर्ने बताइएको छ।